**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. ४६५**

**पुनरावेदन नं. ०७९-RB-०००६**

**मुद्दाः– सुन चोरी पैठारी ।**

सुर्य बहादुर श्रेष्ठको नाति, माधव श्रेष्ठको छोरा चितवन जिल्ला जगतपुर गा.वि.स. वडा नं. २ हाल परिवर्तित भरतपुर म.न.पा.वडा नं. २३ वस्ने वर्ष ४२ को निरोज श्रेष्ठ ........................................................................................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

त्रिभुबन अन्तर्राष्ट्रिय बिमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजकुमार अधिकारी समेतको जाहेरीले नेपाल सरकार........................................... १ } प्रत्यर्थी वादी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार प्रशासक श्री महेश भट्टराई

शुरु कार्यालयको निर्णय मितिः–२०७९/०२/१२

<u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रुपबहादुर सारु

प्रत्यर्थी कार्यालयका तर्फबाटः विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाडौंको मिति २०७९/०२/१२ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. मिति २०७६।०१।०९ गते बिहान करिब ११:३० वजेको समयमा FLY DUBAI को उडान नं. FZ8017 बाट DUBAI हुँदै काठमाडौ आएका नेपाली राहदानी नं.०६३१९६१३ वाहक निरोज श्रेष्ठलाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाक थ्रु एक्सेरेमा चेकजाँच गर्ने क्रममा निजको साथबाट थान ३ (तीन) बाला आकारको सुन जम्मा तौल १४९ (एक सय उन्पचास) ग्राम बरामद भएको र निजले उक्त सुन आफ्नै साथमा ल्याएको भनी स्वीकार समेत गरेको भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयले मिति २०७६।०१।०९ गते तयार पारेको खानतलासी तथा बरामदी मुचुल्का ।

२. प्रतिवादी निरोज श्रेष्ठलाई मिति २०७६।०१।०९ गते आवश्यक कारवाहीको लागि खानतलासी तथा बरामदी मुचुल्का र मानिस सहित त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री राजकुमार अधिकारी समेतको त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पेश गरेको मिति २०७६।०१।०९ को प्रतिबेदन।

३. मेरो साथवाट १४९(एकसय उन्पचास) ग्राम सुन बरामद भएको हो। बरामदित सुन मेरो घरायसी प्रयोगको लागि दुबईमा किनेको हुँ अरु कसैले पठाएको होईन । उक्त सुन भन्सारमा घोषणा गरेको छैन, दुबई- नेपाल आवतजावत धेरै पटक गरेको छु तर यस भन्दा अगाडि सुन ल्याएको थिईन, सुनको गहना ५० ग्राम र चाँदीको गहना ५०० ग्राम सम्म मात्र ल्याउन पाईन्छ र सो भन्दा बढी ल्याउन नपाईने भन्ने सम्बन्धमा नेपालको कानूनको बारेमा मलाई थाहा भएन। अनजानमा भएको कार्यमा एकपटकलाई

माफी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी निरोज श्रेष्ठले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा गरेको बयान।

४. प्रतिबादी निरोज श्रेष्ठको साथबाट बरामद भएको उक्त सुनको बालाहरुको सम्बन्धमा तत्काल प्राप्त प्रमाणको आधारमा भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिमको कसूर गरी ल्याएको होईन भन्न सक्ने अवस्था नरहेको हुँदा पछी ठहरे बमोजिम हुने गरी हाललाई बरामदीत १४९(एक सय उन्पचास) ग्राम सुनको हुने जम्मा मुल्य रु. ७,५४,९८३।- (अक्षेरुपी सात लाख चौवन्न हजार नौ सय त्रियासी रुपैया मात्र) नगद धरौटी माग गर्ने गरी मिति २०७६।०१।९ मा आदेश भएकोमा माग बमोजिमको धरौटी रकम दाखिला गरी निज प्रतिवादी साधारण तारेखमा रहेको।

५. प्रतिबादी निरोज श्रेष्ठले आफ्नो साथबाट बरामद भएको भन्सार महसुल लाग्ने उक्त सुनको भन्सार घोषणा  गरेको र भन्सार तिरेको  निस्सा वा प्रमाण केही  पनि पेश गर्न नसकेको आधार कारण समेतबाट प्रतिबादी निरोज श्रेष्ठको उक्त कार्य भन्सार ऐन २०६४ को दफा ३८ र दफा ५७(१) बमोजिमको कसूर गरेको हुँदा उक्त कसुरमा बरामदीत सुनको मुल्य रु.७,५४,९८३।-(सात लाख चौवन्न हजार नौ सय त्रियासी रुपैया) विगो कायम गरी ऐ ऐनको दफा ५७(१ग) बमोजिम बरामदीत सुन जफत हुन्छ र निज प्रतिबादीलाई बिगो बमोजिम रु.७,५४,९८३।-(सात लाख चौवन्न हजार नौ सय त्रियासी रुपैया) जरिवाना हुन्छ।अन्य बिषयमा तपिसलमा उल्लेख भए बमोजिम गर्नु भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०२।१२ मा भएको निर्णय।

६.  आफूले ल्याएको मालबस्तु स्वःघोषणा गर्नु  पुर्व नै वाक थ्रु मा जबरजस्ती मबाट सामानहरु पक्राउ गरेको । मलाई मेरो सामान घोषणा गर्न पनि नदिई मेरो सामानबाट केही अंश जफत गराउने र केही अंश आफुहरुले कमिसन खाने दुराशयले मैले बोकी ल्याएको सामान भन्सार घोषणा स्थल पुग्नु पुर्व नै बरामद गरेको । यसरी ल्याएको सुनमा आर्थिक  ऐन, २०७५ को अनुसूची २ को २(ख) बमोजिम ५० ग्राम सम्म भन्सार सुविधामा सुन ल्याउन पाउने  कानूनी व्यवस्था रहेको । यदि कुनै पनि यात्रुले ५०  ग्राम भन्दा बढी ल्याएमा पहिलो ५० ग्राममा निशुल्क र त्यसपछि  ५० ग्राममा भन्सार लाग्ने र बाँकी मात्र जफत गर्ने कानूनी ब्यवस्था रहेकोमा उक्त कानूनी व्यवस्था

विपरीत मलाई मैले ल्याएको सामानको भन्सार घोषणा गर्न नदिई जवरजस्ती जहाजबाट उत्रने बित्तिकै वाक थ्रु मा पक्राउ गरी म रेडजोनमा (च्यानल) प्रवेश गर्न लाग्दा प्रबेश गर्न नदिई मेरो सामान कानून विपरीत वरामद गरेको र उक्त बरामदीत सुन जफात हुने गरी गरेको निर्णय उल्टी गरी मेरो जफत भएको सुन आजको बजार मुल्यमा ५० ग्रामको भन्सार कट्टी गरी बाँकी १०० ग्राम सुन बराबरको मूल्य आर्थिक ऐन, २०७५ को अनुसूची १ को २ (ख) बमोजिम फिर्ता गराई पाउँ भन्ने समेत बेहोराको पुनरावेदकले मिति २०७९।०४।०९ यस न्यायाधिकरणामा पेश गरेको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाणडौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०८०/०१/२९ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रुपबहादुर सारुले विपक्षी कार्यालयले विल विजक माग्दै नमागी निस्सा माग गर्दा पेश गर्न नसकेको भनी वैध सुनलाई Transit को सुबिधा छैन भन्ने बहानामा बैधानिक यात्रीले हवाई मार्गवाट ल्याएको मालबस्तु वरामद गरी, दुरासयपुर्ण नियत राखी पुरस्कार पाउने उद्देश्यले शुरु त्रिभुवन बिमानस्थल भन्सार कार्यालयबाट गरिएको जरिवाना सजाय बदर गरी प्रतिवादीले सफाई पाउने गरी फैसला गरी पाऊँ भनी बहस गर्नुभयो।

९. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले प्रतिवादीको साथबाट सुन बरामद भएको तथ्य बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवं अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा आफ्नो साथबाट सुन बरामद भएको तथ्यलाई स्वीकार गरेको अबस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले प्रतिवादीलाई जरिवाना हुने गरी गरेको फैसला कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाऊँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

१०. पुनरावेदक प्रतिवादीको तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फका विद्वान कानुन व्यवसायीहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, प्रतिबादी निरोज श्रेष्ठले मिति २०७६।०१।०९ गते FLY DUBAI को उडान नं. FZ8017 बाट दुवई हुदै नेपाल आउदा त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा १४९ ग्राम सुन बरामद भएको मिति २०७६।०१।०९ को मिसिल संलग्न बरामदी/ खानतलासी मुचुल्काबाट देखिन्छ। उक्त मुचुल्कामा यी प्रतिवादी समेत रोहवरमा बसी दस्तखत गरेको देखियो। बरामदित सुन आफ्नो साथबाट बरामद भएको र आफ्नै हो भनी स्वीकार गरेको, ब्याग भित्र तीन थान बाला आकारको सुन रहेको प्लाष्टिकमा लुकाई छिपाई राखेको अबस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाक थ्रु एक्सरेमा चेकजाँच गर्ने क्रममा बरामद भएको तथ्यलाई अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा स्वीकार गरेको देखिन्छ। विदेशबाट नेपालमा सुन आयात सम्बन्धमा बाणिज्य तथा आपुर्ति मन्त्रालयको मिति २०६७।५।१७ को सूचनाले राष्ट्र बैंकले तोकेको प्रक्रिया र परिमाण अनुरुप बाणिज्य बैंकहरुले मात्र आयात गर्न पाउने भन्ने ब्यवस्था गरेकोमा नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७३।४।१ देखि लागू हुने गरी प्रकाशन गरेको निजी गुण्टा झिटि भारी सम्बन्धी सूचनामा विदेशबाट फर्केका नेपाली यात्रुले पचास ग्राम सम्मका सुन भन्सारमा घोषणा गरी लाग्ने महसुल तिरेर मात्र ल्याउन पाउने ब्यवस्था गरेको देखिन्छ भने सोही सूचनाको दफा ७ मा कुनै पनि यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याउन वा लैजाने प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकूल हुने गरी कुनै सामान ल्याउन वा लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानुन बमोजिम कारबाही गरिने छ भन्ने ब्यवस्था रहेको देखिन्छ। प्रतिबादी निरोज श्रेष्ठले आफ्नो साथबाट बरामद भएको भन्सार महसुल लाग्ने उक्त मालबस्तुको भन्सारमा घोषणा नगरेको, अनुसन्धान अधिकृतले निजको साथबाट बरामद भएको सुनको भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम निस्सा माग गर्दा कुनै प्रमाण पेश गर्न सकेको मिसिल संलग्न कागजातहरुबाट नदेखिएको, प्रमुख भन्सार अधिकृत समक्ष मिति २०७६।१।९ मा वयान गर्दा ५०

ग्राम भन्दा बढी सुन ल्याउन नपाउने नेपालको कानून मलाई थाहा भएन भन्ने ब्यहोरा लेखिएको देखिन्छ । कानूनको अज्ञानता क्षम्य नहुने कानूनको सिद्धान्त रहेको र प्रतिवादीले कानूनको प्रतिकूल हुने गरी गैर कानूनी तरिकाले सुन पैठारी गरेको हो भन्नेमा विवाद देखिएन।

१२. भन्सार ऐन, २०६४ को दफा २(च) मा "भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई भन्सार चोरी पैठारी सम्झनु पर्छ" भनी परिभाषित गरेको देखिन्छ। साथै सोही ऐनको दफा १८(१) मा "मालबस्तु पैठारी गर्ने ब्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापन पत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने" भन्ने ब्यवस्था रहेकोमा प्रतिबादी निरोज श्रेष्ठले ल्याएको बरामदीत सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरेको पाइदैन। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। प्रतिबादीको साथबाट बरामद भएको र निजले आफ्नै हो भनी स्वीकार गरेको ब्याग भित्र रहेको प्लाष्टिकमा लुकाई छिपाई राखेको अबस्थामा बरामद भएको सुन बैध हो भन्ने प्रमाण लाग्ने निस्सा अनुसन्धान अधिकृतले माग गर्दा पेश गर्न सकेको समेत देखिदैन। यसरी आफ्नो साथबाट बरामद भएको १४९ ग्राम सुन प्रतिवादीले भन्सारमा घोषणा गरेको वा सो सुन वैध रुपमा पैठारी गरेको पुष्टी हुने कुनै प्रमाण पेश गर्न सकेको नदेखिँदा प्रतिवादीबाट आरोपित कसुर भएको प्रमाणबाट पुष्टी भइरहेको हुँदा आरोपित कसुरबाट सफाइ पाउनु पर्ने भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१३. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादी निरोज श्रेष्ठलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसुरमा बरामद सुनको विगो रु.७,५४,९८३।— कायम गरी सोही ऐनको दफा ५७(१क) बमोजिम विगो जफत गरी विगो बमोजिम जरिवाना हुने ठहर्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०२।१२ मा भएको निर्णय मिलेको देखिदा सदर

हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी फैसलमको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शूरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

(वासुदेव खनाल)

(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री लक्ष्मी प्रसाद शर्मा

इतिसम्बत २०८० साल जेठ ३२ गते रोज ५ शुभम..............................

फैसला प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप